नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-

च.नं.

सूचना

आन्तरिक वायुसेवाको दायित्व तथा बीमा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ को यसैसाथ संलग्न मस्यौदामा कसैको राय/सुझाव/प्रतिकृया भए मिति २०८२/३/२७ गतेभित्र यस मन्त्रालयमा प्राप्त हुनेगरी लिखित रुपमा वा aviation@tourism.gov.np मा उपलब्ध गराइदिनुहुन सरोकारवाला सबैलाई सूचित गरिन्छ ।

रामकृष्ण लामिछाने

प्रवक्ता

सूचना

आन्तरिक वायुसेवाको दायित्व तथा बीमा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ को मस्यौदामा कसैको राय/सुझाव/प्रतिकृया भए मिति २०८२/३/२७ गतेभित्र यस मन्त्रालयमा प्राप्त हुनेगरी लिखित रुपमा वा aviation@tourism.gov.np मा उपलब्ध गराइदिनुहुन सरोकारवाला सबैलाई सूचित गरिन्छ ।

DRAFT

आन्तरिक वायुसेवाको दायित्व तथा बीमा सम्वन्धमा व्यवस्था गर्न बनेको
विधेयक, २०८२

<u>प्रस्तावना</u>: आन्तरिक वायुसेवा संचालनका क्रममा हुन सक्ने विलम्व, यात्रा स्थगन, यात्रुलाई लाग्न सक्ने चोटपटक, अङ्गभङ्ग वा मृत्यु तथा वायुयानबाट मालसामानको ओसारपसारको क्रममा हुने विलम्व, मालसामान नष्ट तथा हानी नोक्सानीले तेश्रो पक्षलाई पुग्न गएको क्षतिका सम्बन्धमा आन्तरिक वायुसेवाको दायित्व तथा बीमाको सम्बन्धमा उचित व्यवस्था गरी हवाई यात्रुको अधिकार सुनिश्चित हुने वातावरण तयार गर्दै आन्तरिक वायुसेवालाई भरपर्दो, विश्वसनीय, स्तरीय तथा जिम्मेवार बनाउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१
<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "आन्तरिक वायुसेवाको दायित्व तथा बीमा सम्बन्धी ऐन, २०८२" रहेको छ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिले एकतीसौं दिनदेखि लागू हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक उडान" भन्नाले वायुसेवाले नेपालको कुनै एक स्थानबाट अर्को स्थानमा सञ्चालन गरेको हवाई यातायात सेवा सम्झनुपर्छ।

(ख) "कार्गो" भन्नाले वायुयानद्वारा ढुवानी गरिने यात्रु व्यागेज बाहेकका मालसामान सम्झनुपर्छ। यस्तो मालसामानमा अन्तर्राष्ट्रिय मापदणडले निर्दिष्ट गरे बमोजिम प्याकेजिङ भएका डेन्जरस गुड्स तथा जीवित जीवजन्तुलाई समेत सम्झनुपर्छ।

(ग) "टिकट□ भन्नाले प्रस्थान र गन्तव्य दुवै विन्दु उल्लेख भएको कागज टिकट वा विद्युतीय टिकट सम्झनुपर्छ।

(घ) "ढुवानी करार" भन्नाले कार्गो जिम्मा लिएको स्थानबाट कार्गो हस्तान्तरण गर्ने स्थानसम्म कार्गो ढुवानी गर्ने सम्वन्धमा भएको करार सम्झनुपर्छ।

(ङ) "ढुवानीपत्र" भन्नाले करार बमोजिम वायुसेवाले प्रेषकबाट कार्गो बुझिलिई त्यस्ता कार्गो ढुवानी गरी हस्तान्तरण गर्ने दायित्व स्वीकार गरेको लिखत सम्झनुपर्छ।

(च) "तेश्रो पक्ष" भन्नाले यात्रु वा वायुयान उडानमा संलग्न चालकदलका सदस्य तथा सोसँग सम्बन्धित कर्मचारी बाहेक शारीरिक वा सम्पत्तिको क्षति व्यहोर्ने पक्ष सम्झनुपर्छ।

DRAFT

स्पष्टीकरणः यस्ता प्राकृतिक वा कानुनी व्यक्ति बीमा सम्झौताको पक्ष नभए तापनि क्षतिपूर्ति दाबी वा सम्भावित दाबीमा संलग्न हुन सक्छन् र यस्तो पक्षको क्षतिपूर्तिको व्यवस्था समेत हुने गरी बीमाको व्यवस्था बिमित वायुयान सञ्चालकले गर्नुपर्दछ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ज) "दुर्घटना" भन्नाले यात्राको लागि वायुयानभित्र जाने क्रममा वा यात्रा अवधिभर वायुयानभित्र रहँदा वा वायुयानबाट उत्रने क्रममा कुनै यात्रुको अङ्गभङ्ग वा चोटपटक लागेको वा मृत्यु भएको अवस्थालाई सम्झनुपर्छ।

स्पष्टीकरणः यस उपखण्डको प्रयोजनको लागि "मृत्यु भएको" भन्नाले दुर्घटना भएको तीस दिनभित्र सोही कारणले घाइते व्यक्तिको मृत्यु भएको अवस्थासमेतलाई जनाउँछ।

(झ) "प्राधिकरण" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार स्थापना भएको संस्था सम्झनुपर्छ।

(ञ) "प्रापक" भन्नाले प्रेषकले वायुयानद्वारा पठाएको कार्गो वायुसेवा वा निजको एजेन्ट वा प्रतिनिधिबाट बुझिलिने हक प्राप्त भएको व्यक्ति सम्झनुपर्छ।

(ट) □प्रेषक□ भन्नाले वायुयानबाट ढुवानी गराउन वायुसेवालाई कार्गो हस्तान्तरण गर्ने व्यक्ति सम्झनुपर्छ।

(ठ) □महानिर्देशक□ भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक सम्झनुपर्छ।

(ड) "मालसामान" भन्नाले व्यागेज, हुलाक वस्तु वा कार्गोको रुपमा वायुयानद्वारा ओसारपसार गरिने वस्तु सम्झनुपर्छ।

(ढ) "यात्रु" भन्नाले टिकट खरिद गरी वा निःशुल्क टिकट मार्फत कुनै एक स्थानबाट कुनै अर्को स्थानसम्म वायुयानद्वारा यात्रा गर्ने व्यक्ति सम्झनुपर्छ।

तर वायुयान उडानमा संलग्न चालक दलका सदस्य तथा कर्मचारीलाई जनाउनेछैन।

(ण) "व्यागेज" भन्नाले सुरक्षा जाँच गरी प्रस्थान र गन्तव्य विन्दु उल्लेख गरी ट्याग लगाइएको यात्रुले आफूसाथ लैजाने मालसामान सम्झनुपर्छ।

(त) "वायुयान" भन्नाले हावाको प्रक्रियाद्वारा वायुमण्डलमा आधारित हुन सक्ने हवाईजहाज, हेलिकप्टरलगायतका जुनसुकै यन्त्र सम्झनुपर्छ।

(थ) "वायुसेवा" भन्नाले वायुयानद्वारा यात्रु, हुलाक वस्तु तथा मालसामान ओसारपसार गर्ने जिम्मा लिई हवाई यातायात सञ्चालन गर्ने उद्देश्यले नेपालमा स्थापना भएको संस्था सम्झनुपर्छ।

DRAFT

(द) "वायुयान चालकदल" भन्नाले वायुयान संचालन कार्यमा संलग्न पाइलट र एयरहोस्टेस लगायतको समूह सम्झनुपर्छ।

(न) "मनोरन्जनात्मक उड्डयन" भन्नाले अल्ट्रालाइट, माइक्रोलाइट, ग्लाइडर, स्काई डाइभिङ्ग र बलुन जस्ता साहसिक मनोरञ्जनात्मक उडान गर्ने इजाजत प्राप्त हवाई गतिविधि सम्झनुपर्छ।

(प) "हस्तान्तरण" भन्नाले ढुवानी करार बमोजिम प्रापक वा प्रेषकको लिखित अनुमति बमोजिम तोकिएको कुनै व्यक्तिलाई व्यागेज वा कार्गो बुझाउने कार्य सम्झनुपर्छ।

(फ) "डेन्जरस गुड्स" भन्नाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले समय समयमा तोकेका अन्तर्राष्ट्रिय मापदण्डले निर्दिष्ट गरे बमोजिम प्याकेजिङ गर्नुपर्ने प्रज्वलनशील, विकिरणयुक्त, विषालु वा यस्तै प्रकारका हानिकारक मालसामान सम्झनुपर्छ।

(ब) "हुलाक वस्तु" भन्नाले चिठ्ठी, समाचारपत्र, पत्रिका, बुकपोष्ट, नमूना प्याकेट, अन्धा साहित्य, पुलिन्दा र हुलाकबाट चलान हुन सक्ने जुनसुकै वस्तुलाई समेतलाई सम्झनुपर्छ।

परिच्छेद-२

आन्तरिक वायुसेवाको यात्रु, व्यागेज, तथा कार्गो सम्बन्धी दायित्व

३. टिकट जारी गर्नु पर्नेः (१) आन्तरिक वायुसेवाले वायुयानद्वारा यात्रा गर्ने प्रत्येक व्यक्तिको लागि टिकट जारी गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको टिकटमा देहायका कुरा खुलाउनु पर्नेछः

(क) टिकट जारी भएको स्थान र मिति,

(ख) यात्रा गर्ने व्यक्तिको नाम, थर र ठेगाना,

(ग) यात्रा गर्ने मिति, समय र उडान नम्वर,

(घ) प्रस्थान गर्ने स्थान र अन्तिम गन्तव्य स्थान,

(ङ) यात्राको क्रममा रोकिनु पर्ने भएमा रोकिने स्थान,

(च) यात्राको लागि लाग्ने भाडा रकम वा निःशुल्क,

(छ) यस ऐन बमोजिमको दायित्व सम्वन्धी व्यहोरा,

(ज) यात्रु र वायुसेवाबीच आपसमा सहमति भएका अन्य विषय वा तोकिए बमोजिमका अन्य व्यवस्था।

(३) हवाई भाडा उल्लेख गर्दा वायुसेवाले लिने रकम, विमानस्थल सेवा शुल्क तथा अन्य सरकारी निकायलाइ बुझाउनु पर्ने रकम स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

४. निर्धारित मिति र समयमा सुरक्षित यात्रा गराउनु पर्नेः यात्रुलाई यात्राको लागि निर्धारित मिति र समयमा सुरक्षित रूपमा गन्तव्य विन्दुसम्म पुऱ्याउने दायित्व सम्बन्धित वायुसेवाको हुनेछ।

DRAFT

५. अग्रीम जानकारी गराउनु पर्नेः उडान रद्द वा स्थगन भएमा त्यस्तो उडान भर्न निर्धारित समय भन्दा कम्तिमा तीन घण्टा अगाडि सो उडानबाट यात्रा गर्न टिकट लिएका यात्रुलाई जानकारी गराउनु पर्नेछ।

६. निर्धारित मिति र समयमा उडान गर्न नसकेमाः (१) टिकट लिएको कुनै यात्रुलाई वायुयानको भारक्षमता वा अन्य कुनै कारणबाट उडान गराउन नसकिएमा त्यस्तो यात्रुलाई यात्रुले रोजेको देहायका मध्ये कुनै एक सुविधा उपलव्ध गराउने दायित्व सम्बन्धित वायुसेवाको हुनेछ।

(क) सम्बन्धित वायुसेवाको उडान हुन नसक्ने भएमा सोही खण्डमा उडान गर्ने अर्को वायुसेवाको उडान उपलब्ध भएमा सो उडानबाट यात्रा गराउने, वा

(ख) यात्रुबाट कुनै थप रकम नलिई यात्रुलाई निजको गन्तव्यसम्म तत्काल यात्रा गराउन सकिने अन्य कुनै विकल्प भएमा सो अनुरुप यात्रा गराउने, वा

(ग) यात्रु टिकट वापतको रकम फिर्ता दिने सुनिश्चित गरी टिकट रद्ध गर्ने।

७. व्यागेज जिम्मा लिनेः (१) यात्राको क्रममा यात्रुले आफैले साथमा लिएर जान पाउने गरी तोकिएका झोला बाहेक अन्य व्यागेज सम्बन्धित वायुसेवाको काउण्टरमा आवश्यक जाँच गरी वायुसेवाले आफ्नो जिम्मामा लिई सोको प्रमाणको लागि यात्रुलाई व्यागेज ट्याग दिनु पर्नेछ र गन्तव्य विन्दुमा पुगे पछि यात्रुलाई निजको व्यागेज हस्तान्तरण गर्नुपर्नेछ।

८. व्यागेज दुरस्त हस्तान्तरण भएको मानिनेः व्यागेज हस्तान्तरण हुँदा यात्रुले तत्काल कुनै कैफियत जनाएको अवस्थामा बाहेक व्यागेज दुरुस्त अवस्थामा हस्तान्तरण भएको मानिनेछ।

९. व्यागेज प्रतिको दायित्वः (१) यात्रु तथा सामान वायुयानभित्र रहेको अवस्थामा वा वायुयान भित्र प्रवेश गर्न वा स्थानान्तरण गर्दा वा वायुयानबाट बाहिर निस्कदा वा स्थानान्तरण गर्दा वायुसेवाको लापरवाहीको कारणले भएको प्रत्यक्ष हानी नोक्सानीको लागि मात्र वायुसेवा जिम्मेवार हुनेछ।

(२) वायुसेवाले जिम्मा लिएको व्यागेज हराएमा, नष्ट भएमा वा हानी नोक्सानी भएमा सोको क्षतिपूर्ति वापतको रकम त्यस्तो वायुसेवाले सम्बन्धित यात्रुलाई दिनुपर्नेछ।

(३) क्षतिपुर्ति माग गर्ने व्यक्तिको कारणबाट सामानमा नोक्सानी भएको प्रमाणित भएमा वायुसेवाले कुनै किसिमको दायित्व वहन गर्नुपर्ने छैन।

(४) जाँच गरिएका सामानमा कुनै हानी, नोक्सनी भएमा प्रति किलोग्राम अधिकतम बीस अमेरिकी डलरको दरले कुल अमेरिकी डलर पाँच हजारको सीमा ननाघ्ने गरी सो बराबरको नेपाली रुपैयाँमा वायुसेवाको दायित्व सिमित हुनेछ।

(५) यात्रुले वायुयान भित्र आफुसँगै लगेको वा राखेको तर जाँच नगरिएको सामानमा कुनै हानी, नोक्सानी भएमा अधिकतम अमेरिकी डलर चार सय बराबर हुने नेपाली रुपैयाँको हदसम्म वायुसेवाको दायित्व हुनेछ।

१०. ढुवानीपत्र दिनुपर्नेः (१) वायुसेवाले प्रेषकबाट ढुवानीको लागि कार्गो बुझिलिँदाको अवस्थामा प्रेषकलाई रितपुर्वकको ढुवानीपत्र दिनु गर्नुपर्नेछ।

११. <u>ढुवानीपत्रमा खुलाउनु पर्ने कुरा</u>ः (१) ढुवानीपत्रमा देहाय बमोजिमको विवरण खुलाउनु पर्नेछः-

(क) ढुवानीपत्र तयार गरिएको मिति र स्थान,

(ख) प्रेषकका नाम, थर र ठेगाना,

(ग) वायुसेवाको नाम र ठेगाना,

(घ) प्रापकको नाम, थर र ठेगाना,

(ङ) कार्गो बुझिलिएको मिति र स्थान,

(च) कार्गो हस्तान्तरण गर्ने स्थान,

(छ) कार्गोको प्रकृति, पहिचानको चिन्ह, हानिकारक कार्गो भएमा सोको विवरण, प्याकेजको विवरण, कूल तौल वा परिमाण,

(ज) कार्गो हस्तान्तरण गरिने मिति र समय,

(झ) ढुवानी भाडा, त्यस्तो भाडा तिरिसकेको वा तिर्न बाँकी रहेको व्यहोरा,

(ञ) कार्गोको मूल्यको घोषणा, र

(ट) प्रेषक र वायुसेवाले आवश्यक ठानेमा अन्य कुरा।

१२. <u>कैफियत जनाई कार्गो बुझी लिनसक्ने</u>ः (१) वायुसेवाले प्रेषकबाट कार्गो बुझिलिँदा कार्गोको सामान्य प्रकृति, प्रमुख चिन्ह, पोका वा थानको संख्या, तौल वा परिमाण बुझी लिएको कार्गोसँग मेल खाने यस्तै व्यहोराको सम्बन्धमा कैफियत जनाई कार्गो बुझी लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वायुसेवाले तत्काल कुनै कैफियत नजनाई प्रेषकबाट कार्गो बुझीलिएकोमा ढुवानीपत्रमा उल्लेखित कार्गो ठीक दुरुस्त भएको मानिनेछ।

१३. <u>करार भएको मानिने</u>ः (१) ढुवानीपत्रमा प्रेषक र वायुसेवाले हस्ताक्षर गरेपछि यो ऐन बमोजिम कार्गो ढुवानीको लागि करार सम्पन्न भएको मानिनेछ।

(२) ढुवानीपत्र देहायका विषय मन्जुर गरेको आधारभूत प्रमाण हुनेछ।

(क) प्रेषक र वायुसेवाबीच कार्गोको ढुवानी गर्ने सम्बन्धमा करार सम्पन्न भएको,

(ख) ढुवानीपत्रमा उल्लेख भए बमोजिमको कार्गो वायुसेवाले जिम्मा लिएका र

(ग) ढुवानीपत्रमा लेखिएका शर्त तथा अवस्था अनुसार कार्गो ढुवानी गर्न।

(३) उपदफा (१) बमोजिम करार सम्पन्न भएपछि कुनै पक्षको ढुवानीपत्र हराएमा, नासिएमा वा ढुवानीपत्रमा सामान्य त्रुटी भएमा सो कारणबाट सम्पन्न भएको करारको अस्तित्व तथा वैधतामा कुनै असर पर्ने छैन।

१४. <u>कार्गो हस्तान्तरण</u>ः (१) वायुसेवाले ढुवानीको लागि जिम्मा लिएको कार्गो ढुवानीपत्रमा उल्लिखित प्रापकलाई ढुवानीपत्रमा उल्लेखित स्थानमा हस्तान्तरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्गो हस्तान्तरण गर्दा वायुसेवाले कार्गो हस्तान्तरण गर्न लागिएको व्यक्ति प्रेषकले उल्लेख गरेको प्रापक नै हो भन्ने कुराको यकिन गर्नका लागि प्रापकबाट आवश्यक प्रमाण पेश गर्न लगाउन सक्नेछ।

DRAFT

(३) कार्गो ढुवानी सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. <u>कार्गो प्रतिको दायित्व</u>: (१) वायुसेवाले कार्गो बुझिलिएपछि दफा ३१ बमोजिम प्रापकलाई हस्तान्तरण नगरेसम्म त्यस्तो कार्गो उपरको सम्पूर्ण दायित्व वायुसेवाको हुनेछ।

(२) वायुसेवा वा वायुसेवाको कर्मचारी वा अधिकार प्राप्त प्रतिनिधिले ढुवानी करार बमोजिम ढुवानीको लागि जिम्मा लिएको कार्गो हराएमा, हानी नोक्सानी वा क्षति भएमा वा निर्धारित अवधिभित्र प्रापकलाई हस्तान्तरण नगरेको कारणबाट प्रापकलाई हुन गएको मनासिव हानी नोक्सानी वा क्षतिको लागि वायुसेवा जवाफदेही हुनुपर्नेछ र सो वापतको क्षतिपूर्ति तिर्नु पर्नेछ।

१६. <u>कार्गो हस्तान्तरण ढिलाई भएको मानिने</u>: ढुवानीपत्रमा कार्गो ढुवानी गरी सक्नु पर्ने समयावधि किटान गरिएकोमा सो समयावधि भित्र र समयावधि किटान नगरिएकोमा कार्गोको प्रकृति, वायुसेवा सञ्चालनको अवस्था, तत्कालको परिस्थिति समेतको आधारमा बढिमा तीन दिनभित्र वायुसेवाले हस्तान्तरण नगरेमा हस्तान्तरणको लागि ढिलाई भएको मानिनेछ।

१७. <u>कार्गो हराएको मानिने</u>: कार्गो हस्तान्तरण गर्ने समय निर्धारण भएकोमा त्यसरी निर्धारित समय भुक्तान भएको पन्ध्र दिन र त्यसरी समय निर्धारण नभएकोमा वायुसेवाले कार्गो बुझिलिएको तीस दिनभित्र कार्गो हस्तान्तरण नगरेमा कार्गो हराएको मानिनेछ।

१८. <u>डेन्जरस गुड्सको ढुवानी</u>: (१) प्रेषकले वायुसेवालाई डेन्जरस गुड्स बुझाउँदाको अवस्थामा कार्गोको खतराको प्रकृति र त्यसको लागि अपनाउनुपर्ने उपयुक्त विधि तथा सावधानीका विषयको सूचना वा जानकारी अनिवार्य रुपमा ढुवानीपत्रमा उल्लेख गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रेषकले वायुसेवालाई कार्गो बुझाउँदा कार्गोको खतराको प्रकृतिको बारेमा सूचना वा जानकारी उपलब्ध नगराएमा वायुसेवाले कार्गो चलान भई सकेपछि ढुवानी गरिने कार्गो खतराजन्य वा हानिकारक छ भन्ने कुराको जानकारी पाएमा वायुसेवाले त्यस्तो कार्गो जुनसुकै समय वा स्थानमा कसैलाई हानी नोक्सानी नहुने गरी ओराल्न, नष्ट गर्न वा हानी नोक्सानी नहुने गरी उपयुक्त व्यवस्थापन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम वायुसेवाले खतराजन्य वा हानिकारक कार्गो व्यवस्थापन गरेकोमा त्यस वापत प्रेषकलाई कुनै किसिमको क्षतिपूर्ति तिर्नु पर्ने छैन।

(४) खतराजन्य वा हानिकारक कार्गो नष्ट गर्नु पर्ने अवस्थामा वायुसेवाले सम्बन्धित निकायको निर्देशन अनुसार गर्ने र सो वापत लाग्ने खर्च कार्गो प्रेषकबाट असुल गरिनेछ।

(५) खतराजन्य वा हानिकारक वस्तुबाट उत्पन्न हुने असुरक्षा तथा नोक्सानीको जवाफदेही प्रेषक हुनु पर्नेछ।

१९. <u>कार्गोको निरीक्षण</u>: (१) प्रापकले वायुसेवा वा वायसेवाको प्रतिनिधिको उपस्थितिमा कार्गोको अवस्थाको जाँच नगरी कार्गो बुझिलिएमा वा प्रत्यक्ष देखिने हानी नोक्सानीको हकमा कार्गो बुझिलिएको समयमा र प्रत्यक्ष नदेखिने हानी नोक्सानीको हकमा कार्गो बुझिलिएको मितिले सात

DRAFT

कार्यदिनभित्र कार्गो हराएको वा क्षति भएको सम्बन्धमा कुनै सूचना नगरेमा प्रापकले ढुवानीपत्रमा उल्लिखित अवस्थामा कार्गो बुझिलिएको मानिनेछ।

(२) उपदफा (१) अनुसार कार्गो वा सामान बुझिलिएपछि वायुसेवाको कुनै दायित्व रहने छैन।

परिच्छेद - ३

प्रमाण तथा दायित्वको सीमा

२०. टिकट, व्यागेज ट्याग वा रसिद प्रमाण हुने: (१) टिकटलाई यात्रु र वायुसेवाबीच यात्रा सम्वन्धमा करार सम्पन्न भएको आधारभूत प्रमाण मानिनेछ।

(२) व्यागेज ट्यागलाई यात्रु र वायुसेवाबीच व्यागेज ढुवानी सम्बन्धमा करार सम्पन्न भएको आधारभूत प्रमाण मानिनेछ।

(३) वायुसेवा वा निजको एजेण्ट वा विक्री प्रतिनिधिले प्रेषकबाट रसिदमा उल्लेख भए बमोजिमको मालसामान बुझिलिएकोमा त्यस्तो रसिदलाई मालसामान बुझिलिएको आधारभूत प्रमाण मानिनेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम वायुसेवा वा संस्थाको एजेण्ट वा बिक्री प्रतिनिधिबाट टिकट, व्यागेज ट्याग वा रसिद जारी भएपछि त्यस्तो टिकट, व्यागेज ट्याग वा रसिद हराएको, नासिएको वा सामान्य प्रकृतिको त्रुटि भएको भने पनि त्यस्तो कारणबाट मात्र भएको करारको अस्तित्व र वैधतालाई असर पर्ने छैन।

२१. यात्रुलाई चोटपटक लागेमा, अङ्गभङ्ग वा मृत्यु भएमा : (१) यात्राको क्रममा बोर्डिङ पश्चात वायुयानभित्र प्रवेश गर्ने क्रममा वा वायुयानभित्र रहँदा वा वायुयानबाट उत्रने क्रममा कुनै दुर्घटना भई चोटपटक लागेमा वा शारिरिक क्षति वा अङ्गभङ्ग भएमा सम्बन्धित वायुसेवाले घटनाबाट पिडितलाई क्षतिपूर्ति वापत अवस्था हेरी अधिकतम एक लाख अमेरिकी डलर सम्मको क्षतिपुर्ति उपलव्ध गराउनुपर्नेछ।

(२) दुर्घटनामा यात्रुको मृत्यु भएमा सम्वन्धित वायुसेवाले क्षतिपूर्ति वापत एक लाख अमेरिकी डलर बराबरको रकम मृतकको सबैभन्दा नजिकको हकदारलाई उपलव्ध गराउनु पर्नेछ।

(३) दुर्घटनाबाट घाइते वा अङ्गभङ्ग भएमा सम्वन्धित वायुसेवाले उचित उपचारको प्रवन्ध मिलाउनु पर्नेछ।

(४) मृत्यु भएमा मृतकको शव निजको परिवारलाई हस्तान्तरण गर्ने दायित्वका साथै उक्त कार्यमा लाग्ने सम्पूर्ण खर्च तथा मृत्यु संस्कारको लागि मनासिव माफिकको रकम पेश्की स्वरुप (एडभान्स पेमेन्ट) मृतकका परिवारलाई तत्काल उपलव्ध गराउने दायित्व सम्बन्धित वायुसेवाको हुनेछ।

(५) उपदफा (१), (२) वा (३) मा उल्लेख भए बाहेक वायुसेवाले व्यहोर्नु पर्ने अन्य दायित्व यात्रु र वायुसेवाबीच भएको सहमति अनुरुप हुनेछ।

२२. व्यागेज उपरको दावीः (१) वायुसेवाले जिम्मा लिएको व्यागेज हस्तान्तरणको लागि निर्धारित मिति र समयमा हस्तान्तरण नगरिएमा तत्काल तोकिए बमोजिमको ढाँचामा आफूले यात्रा सम्पन्न गरेको वायुसेवामा दावी गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दावी प्राप्त भएमा व्यागेज हराएको वा नष्ट भएको वा हानी नोक्सानी भएको अवस्थामा क्षतिपूर्ति दिने दायित्व सम्बन्धित वायुसेवाको हुनेछ।

२३. दायित्व व्यहोर्न बाध्य नहुनेः यो ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा वायुसेवाले यो ऐन बमोजिम यात्रुप्रतिको दायित्व व्यहोर्न बाध्य हुने छैनः

(क) खराब मौसम, प्राकृतिक वा दैवी प्रकोपको कारणबाट वा विमानस्थल वा एयर ट्राफिक सेवाको प्राविधिक कारण वा सुरक्षा जस्ता कारण देखाई उडानको लागि अनुमति दिने निकाय वा सुरक्षा निकायबाट रोक लगाइएको कारणबाट उडान स्थगन वा रद्द भएमा वा उडानमा ढिलाई भएमा सो वापतको क्षतिपूर्ति,

(ख) वायुसेवाले क्षतिपूर्ति माग गर्ने यात्रुको गम्भीर लापरवाहीको कारणबाट उक्त यात्रुलाई चोटपटक लागेको वा अङ्गभङ्ग वा क्षति भएको भनी प्रमाणित गरेमा सो वापतको क्षतिपूर्ति,

(ग) यात्रुलाई पहिले देखिनै रहेको कुनै गम्भीर रोगको कारणबाट यात्रुको अङ्गभङ्ग वा मृत्यु भएमा सो वापतको क्षतिपूर्ति,

२४. कार्गो दायित्व सीमाः वायुसेवाले ढुवानीका लागि कार्गो बुझिलिनु अघि त्यसरी ढुवानी गरिने कार्गोको मूल्य घोषणा गरी ढुवानीपत्रमा उल्लेख गरेको अवस्थामा बाहेक कार्गो कुनै किसिमबाट हराए वा हानी नोक्सानी भएमा प्रति किलोग्राम बीस अमेरिकी डलर भुक्तान गर्नु पर्ने दायित्व सम्बन्धित वायुसेवाको हुनेछ।

२५. तेश्रो पक्ष प्रतिको दायित्वः (१) वायुयानको दुर्घटना वा अन्य कुनै कारणबाट तेश्रो पक्षलाई हुन गएको हानी नोक्सानी वापत क्षतिपूर्ति गराउनु पर्ने दायित्व सम्बन्धित वायुसेवाको हुनेछ।

(२) वायुयानको दुर्घटना वा अन्य कुनै कारणबाट तेश्रो पक्षलाई भएको हानी नोक्सानीको सम्बन्धमा वायुसेवाको दायित्वको न्युनतम सीमा देहाय बमोजिम हुने गरी बीमा गरेको हुनपर्नेछः

(क) दश हजार के.जी. वा सो भन्दा कम तौल भएको वायुयानको हकमा पच्चीस मिलियन अमेरिकी डलर बराबरको रकम।

(ख) दश हजार एक के.जी. देखि पैतीस हजार केजी सम्म तौल भएको वायुयानको हकमा पैतीस मिलियन अमेरिकी डलर बराबरको रकम।

(ग) पैतीस हजार एक के.जी. देखि माथि जतिसुकै तौल भएको वायुयानको हकमा साठी मिलियन अमेरिकी डलर बराबरको रकम।

२६. प्रेषक जवाफदेही हुनेः (१) देहायको अवस्थामा हुन गएको हानी नोक्सनी वा खर्चको सम्बन्धमा प्रेषक स्वयं जवाफदेही हुनेछः–

(क) ढुवानी गरिने मालसामानको त्रुटिपूर्ण प्याकिङ्ग भएको,

DRAFT

(ख) वायुसेवालाई प्रेषकले दिएको सूचना त्रुटिपूर्ण वा गलत अर्थ लाग्ने भएको,

(ग) प्रेषकले वायुसेवालाई कार्गो बुझाउनु अघि कुनै स्वीकृति वा अनुमति लिनुपर्नेमा त्यस्तो स्वीकृति वा अनुमति नलिएको,

(घ) प्रेषकले वायुसेवालाई ढुवानी करार बमोजिम उपलव्ध गराउनुपर्ने कुनै कागजात वा निस्सा उपलव्ध नगराएको।

(२) उपदफा (१) बमोजिमको अवस्थामा कार्गो ढुवानी गर्नका लागि बुझिलिँदाको वखत त्यस्तो अवस्थाको विद्यमानता थियो भन्ने कुराको प्रमाणित गर्ने दायित्व सम्बन्धित वायुसेवाको हुनेछ।

परिच्छेद- ४

<u>बीमा, क्षतिपूर्ति दावी र भुक्तानी</u>

२७. <u>बीमा गर्नुपर्नेः</u> (१) वायुसेवाले आफूले सञ्चालन गरेको वायुयानमा यात्रु, ओसारपसार गरिने मालसामान, तेश्रो पक्ष र प्रचलित कानूनले तोकेको अन्य दायित्व समेतको बीमा गर्नुपर्नेछ।

तर वायुयानद्वारा गरिने हुलाकवस्तुको हकमा वायुसेवा र हुलाकवस्तु चलान गर्ने निकायबीच भएको सम्झौता बमोजिम हुनेछ।

(२) वायुयानको दुर्घटनाबाट यात्रुलाई हुन सक्ने चोटपटक, अङ्गभङ्ग, मृत्यु, मालसामान नष्ट हुने, हराउने, बिग्रन सक्ने अवस्था तथा दुर्घटनाबाट तेश्रो पक्षलाई पुग्न सक्ने चोटपटक, अङ्गभङ्ग वा मृत्यु एवं धन सम्पत्तिको नोक्सानीको जोखिम समेतलाई बीमाले समेटेको हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम बीमा गर्दा उपदफा (२) को अतिरिक्त युद्ध, आतङ्ककारी क्रियाकलाप, अपहरण तथा बन्धक बनाउने, गैर कानुनी कब्जा जस्ता कार्यले वायुयान दुर्घटना भएको अवस्थामा दुर्घटना भएको वायुयानको खोजतलास तथा उद्धार कार्य एवं दुर्घटनग्रस्त वायुयानका पार्टपूर्जा तथा अन्य वस्तु वातावरण संरक्षणको दृष्टिबाट उपयुक्त व्यवस्थापन गर्ने कार्य समेतको जोखिम बहन गर्न सक्ने गरी बीमा गरिएको हुनपर्नेछ।

२८. <u>बीमा गरेको प्रमाण पेश गर्नुपर्नेः</u> प्रत्येक वायुसेवाले आफूले सञ्चालन गरेको वायुयानमा यात्रा गर्ने यात्रु, आसोरपसार गरिने मालसमान र तेश्रो पक्ष समेतको यस ऐन बमोजिम बीमा गरिएको कुराको प्रमाण नेपाल सरकार वा प्रधिकरण समक्ष पेश गर्नु पर्नेछ।

२९. <u>व्यागेज क्षतिपूर्तिको दावी गर्ने अवधि र प्रक्रियाः</u> (१) यस ऐनको दफा ९ को उपदफा (२) बमोजिम क्षतिपूर्ति पाउने अवस्थामा सो दुर्घटना भएको मितिले तीस दिन भित्र सम्बद्ध प्रमाण कागजात संलग्न गरी सम्बन्धित वायुसेवामा क्षतिपूर्तिको दावी गर्नुपर्नेछ।

(२) यस ऐनको दफा ९ को उपदफा (२) बमोजिमको क्षतिपूर्ति पाउने अवस्थामा यात्रुको मृत्यु भएको मितिबाट साठी दिनभित्र विवरण खोली सम्बन्धित वायुसेवामा क्षतिपूर्ति दावी गर्नुपर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम बाहेक यात्रुले क्षतिपूर्ति पाउने अन्य अवस्थामा क्षति भएको सात दिनभित्र सम्बन्धित वायुसेवामा विवरण र प्रमाण समेत संलग्न गरी क्षतिपूर्तिको दावी गर्नुपर्नेछ।

तर विशेष परिस्थितिमा क्षतिपूर्ति दावी गर्ने अवधि क्षतिपूर्ति दावी गर्न पाउने व्यक्तिले सूचना प्राप्त गरेको पैतिस दिनभित्र गर्नु पर्नेछ।

३०. यात्रुको मृत्यु वा घाइते भएमा क्षतिपूर्ति दावी: (१) कुनै यात्रुलाई हवाई यात्राको क्रममा चोटपटक लागेमा वा घाइते भएमा सोको उपचार तथा क्षतिवापतको रकम दावीको लागि सम्बन्धित वायुसेवा वा निजको एजेण्ट समक्ष साठी दिन भित्र प्रमाणसहित दावी पेश गर्नु पर्नेछ।

(२) हवाई यात्राको क्रममा दुर्घटना भई कुनै यात्रुको मृत्यु हुन गएमा यस ऐन बमोजिम पाउने क्षतिपूर्ति वापतको रकम मृतकको नजिकको हकदारले दावी गर्न सक्नेछ।

(३) वायुयानको दुर्घटनाबाट तेश्रो पक्षलाई पुग्न गएको हानी नोक्सानीको सम्बन्धमा सोको विवरण खुलाई सम्बन्धित पक्षले वायुसेवा वा निजको एजेण्ट समक्ष साठी दिन भित्र प्रमाणसहित दावी पेश गर्नु पर्नेछ।

३१. दावी उपरको निर्णय: (१) दफा ३२ बमोजिम पर्न आएको दावी साठी दिनभित्र सम्बन्धित वायुसेवाले क्षतिपूर्तिको सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णय उपर चित्त नबुझेमा, मृतक यात्रुको कानून बमोजिमको सबैभन्दा नजिकको हकदार वा घाइते स्वयंले सो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष उजुरी गर्न सक्नेछ।

३२. चोटपटक लागेमा वा अङ्गभङ्ग भएमा सो वापतको क्षतिपूर्तिको गणना: हवाई यात्राको क्रममा चोटपटक लागेमा वा अङ्गभङ्ग भएमा सो वापत दिइने क्षतिपूर्ति निर्धारण वा गणना गर्दा यात्रुलाई लागेको चोटपटक वा भएको अङ्गभङ्गको अवस्था वा प्रकृति र सोबाट यात्रुलाई हुने अशक्तताको र निजले गुमाएको आम्दानी तथा अवसरको गम्भीरताको आधारमा गणना गरिनेछ।

३३. मालसामान उपरको दावी: (१) वायुयानद्वारा कुनै मालसामानको ओसारपसारको क्रममा कुनै प्रकारको क्षति वा हानी नोक्सानी हुन गएमा त्यस्तो मालसामानको धनी वा सो बुझिलिन पाउने अधिकार भएको व्यक्तिले सो मालसामान बुझिलिँदाको अवस्थामा त्यसरी हुन गएको हानी नोक्सानीको विवरण उल्लेख गरी दावी सम्बन्धित वायुसेवा वा निजको एजेण्ट समक्ष दावी पेश गर्नुपर्नेछ।

(२) वायुयानद्वारा कुनै मालसामान ओसारपसारको क्रममा नष्ट हुन गएमा वा हराएमा त्यस्तो मालसामानको धनी वा सो बुझिलिन पाउने अधिकार भएको व्यक्तिले त्यस्तो मालसामान ओसारपसारको लागि वायुसेवाको जिम्मा लगाएको प्रमाण संलग्न गरी क्षतिपूर्तिको लागि सम्बन्धित वायुसेवा वा निजको एजेण्ट समक्ष यथाशिघ्र दावी प्रस्तुत गर्नुपर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम पर्न आएको दावी उपर सम्बन्धित वायुसेवाले बीमा कम्पनीबाट दावी बीमा प्राप्त गरेको मितिले पन्ध्र दिन भित्र यो ऐन बमोजिम पाउने रकम क्षतिपूर्तिको रुपमा भुक्तानी दिनु पर्नेछ।

परिच्छेद - ५

कारवाही तथा मुद्दा दायर गर्ने अधिकार

३४. महानिर्देशक समक्ष निवेदन दिन सकिने: (१) यात्रा स्थगन वा रद्द भएमा वा यात्रुलाई निर्धारित उडानबाट यात्रा गराउन नसकेमा वा उडानमा विलम्व भएको अवस्थामा सम्बन्धित वायुसेवाले यात्रुलाई यस ऐन बमोजिम गर्नुपर्ने व्यवस्था नगरेमा सो भए गरेको मितिले तीन दिनभित्र महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा दुबै पक्षको सुनुवाइ गरी यो ऐन बमोजिम गर्नुपर्ने काम भए गरेको नदेखिएमा महानिर्देशकले यो ऐन बमोजिमको सुविधा र तोकिए बमोजिमको क्षतिपूर्ति दिन लगाई सम्बन्धित वायुसेवाबाट भविष्यमा पुनः त्यस्तो कमजोरी नदोहोऱ्याउन आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको आदेशको पालना नगरेमा महानिर्देशकले त्यस्तो वायुसेवाको वायुयान उडानमा रोक लगाउन सक्नेछ।

३५. कारवाहीको सिफारिश गर्ने: (१) यो ऐन बमोजिम गर्नुपर्ने बीमा नगरेमा वा तोकिएको शर्त पालना नगरेको नपाइएमा महानिर्देशकले त्यस्तो वायुसेवालाई यस ऐन बमोजिम गर्नुपर्ने बीमा सम्बन्धी व्यवस्था कार्यान्वयन गर्नका लागि अवधि किटान गरी व्यवसायिक उडान भर्न रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिमा त्यस्तो बीमा नगरेमा महानिर्देशकले त्यस्तो वायुसेवालाई दिएको वायुसेवा सञ्चालन प्रमाणपत्र रद्द गर्न सक्नेछ।

३६. मुद्दा दायर गर्ने क्षेत्राधिकार: यो ऐन बमोजिम वायुसेवाले वहन गर्नुपर्ने दायित्व वहन नगरेमा पिडित पक्षले वायुसेवा विरुद्ध दुर्घटना भएको मितिले छ महिनाभित्र देहायका मध्ये कुनै एक स्थानको जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्नेछः–

क) वादी रहेको जिल्लाको जिल्ला अदालत,

ख) दुर्घटना भएको जिल्लाको जिल्ला अदालत,

ग) वायुसेवा दर्ता भएको जिल्लाको जिल्ला अदालत,

घ) टिकट जारी वा खरिद भएको जिल्लाको जिल्ला अदालत।

३७. पुनरावेदन: जिल्ला अदालतको फैसला चित्त नबुझ्ने पक्षले उक्त फैसलाको उपर सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

परिच्छेद -६

DRAFT

विविध

३८. <u>एजेण्टको दायित्वः</u> यो ऐन बमोजिम ट्राभल तथा कार्गो एजेन्सीको कारणबाट यात्रा तथा ढुवानीमा विलम्ब, हानी, नोक्सानी भएमा यो ऐनमा व्यवस्था भए बमोजिमको क्षतिपूर्ति दिने दायित्व सम्बन्धित एजेण्टको हुनेछ।

३९. <u>हवाई क्रियाकलाप सञ्चालन गर्ने संस्थाको दायित्वः</u> मनोरन्जनात्मक उड्डयन क्रियाकलाप, वायुयान उडान प्रशिक्षण संस्था (फ्लाइङ स्कूल), खोज तथा उद्धार, व्यक्तिगत उडान गर्ने हवाई यातायात सञ्चालन संस्थाको दायित्व मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम हुनेछ।

४०. <u>हदम्यादः</u> (१) यो ऐन बमोजिम भए गरेको कामको सम्बन्धमा उजुर गर्न चाहने व्यक्तिले यस ऐनमा हदम्याद उल्लेख भएकोमा सोही बमोजिम र हदम्याद उल्लेख नभएकोमा देहायको मितिबाट तीस दिन भित्र नालिस उजुर गर्नु पर्नेछः–

(क) यस ऐनको दफा १० बमोजिम दिनुपर्ने क्षतिपूर्ति वा अन्य रकमको सम्बन्धमा दफा १३ बमोजिम निर्णय भएको मिति,

(ख) व्यागेज वा कार्गो हस्तान्तरण गरेको मिति,

(ग) व्यागेज हराएकोमा दफा २२ बमोजिम हराएको मानिने मिति,

(घ) ढुवानीपत्र बमोजिम कार्गो बुझाउनु पर्ने मिति,

(ङ) कार्गो हराएकोमा दफा ३४ बमोजिम हराएको मानिने मिति,

(च) खण्ड (क) देखि (च) वाहेकको अन्य अवस्थामा सो भए गरेको मिति।

(२) यस ऐनको दफा २३ बमोजिम पाउनु पर्ने क्षतिपूर्ति नपाएमा दुर्घटना भएको दुई वर्ष भित्र दफा ३९ अनुसार मुद्दा हेर्ने क्षेत्राधिकार भएको जिल्ला अदालतमा मुद्दा दायर गरिसक्नु पर्नेछ।

४१. <u>वायुसेवाको बीमा सम्बन्धमा विशेष व्यवस्थाः</u> (१) यो ऐन प्रारम्भ हुँदाको वखत सञ्चालनमा रहेको वायुसेवाले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यस ऐन बमोजिम गर्नुपर्ने बीमा सम्बन्धी व्यवस्था गरिसक्नुपर्नेछ।

४२. <u>क्षतिपूर्ति रकमको पुनरावलोकन गरिनेः</u> दफा २३ बमोजिमको दायित्व सीमाको रकम यो ऐन प्रारम्भ भएको मितिले हरेक दश वर्षमा नेपाल सरकारले औसत राष्ट्रिय मुद्रास्फिति अनुसार क्षतिपूर्तिको रकम पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ।

४३. <u>मन्त्रालयले सूचना जारी गर्न सक्नेः</u> मन्त्रालयले सूचना जारी गर्न सक्नेः (१) वायुयानबाट यात्रा गर्ने यात्रु तथा ढुवानी गरिने ब्यागेज वा कार्गो प्रतिको वायुसेवाको दायित्व, दावी प्रक्रिया तथा क्षतिपूर्ति सम्बन्धमा यस ऐनको कुनै व्यवस्थालाई प्रष्ट पार्न आवश्यक भएमा वा यस ऐनमा तोकिएका बीमाको दर/सीमा परिवर्तन गर्नु परेमा मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गरी आवश्यक सूचना जारी गर्न सक्नेछ।

४४. <u>यो ऐन लागू नहुनेः</u> यो ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको वायुयान तथा उडानमा यो ऐनको कुनै व्यवस्था लागु हुने छैन।

DRAFT

(क) नेपाल सरकार वा नेपाली सैनिक सेवाको वायुयान,

(ख) अध्ययन, अनुसन्धान तथा परिक्षणका क्रममा रहेका नमूना वायुयान,

४७. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

४८. कार्यविधि र निर्देशिका बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक कार्यविधि बनाउन सक्नेछ।

४९. प्रचलित कानून बमोजिम हुनेः यो ऐनमा लेखिए जति कुरामा यो ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

DRAFT